# २०२३ को शरद ऋतु (Autumn) मा सुरु हुने नयाँ कोरोनाभाइरस खोपको बारेमा

### ▼सन् २०२३ शरद ऋतु (Autumn) मा सुरु हुने खोपको बारेमा

ओमिक्रोन स्ट्रेन （XBB.1.5）को खोपहरू २०२३ को शरद ऋतु सङै खोपहरू सुरु भएको छ ।

१) खोपका लागि योग्य व्यक्तिहरू

आफ्नो पहिलो खोप पूरा गरेका बालबालिका (५ वर्ष र माथिका: पहिलो र दोस्रो डोज; ६ महिनादेखि ४ वर्ष उमेरका: पहिलो, दोस्रो र तेस्रो डोज) र अन्तिम खोप लगाएको कम्तिमा ३ महिना भइसकेका र जन्मेको ६ महिना पुगिसकेको

२) खोप संख्या

मार्च ३१, २०२४ सम्म प्रति व्यक्ति एक पटक

३) खोप लगाउने स्थान

कृपया नजिकैको मेडिकल संस्थामा रिजर्भेसन गर्नुहोस् ( सामूहिक खोपहरू छैनन् )।

४) खोप टिकट

- यदि तपाइँसँग खोप टिकट छ भने, कृपया त्यही टिकट प्रयोग गर्नुहोला ।
- यदि तपाईंसँग खोप टिकट छैन भने, खोप टिकट जारी गर्न आवेदन दिनुपर्ने छ। यद्यपि, कागजातहरू तालिका अनुसार निम्न व्यक्तिहरूलाई क्रमबद्ध रूपमा पठाइनेछ ।

मे ८, २०२३ र सेप्टेम्बर १९ को बीचमा तेस्रो वा पछिको खोप प्राप्त गर्नेहरू मध्ये, ६५ वर्षभन्दा माथिका व्यक्तिहरू, वा "अन्तर्निहित रोग", “डाक्टरले गम्भीर बिरामी को उच्च जोखिम भएको” कारणले खोप टिकट जारी गर्न आवेदन दिएका ब्यक्तिहरु

### ▼पहिलो खोपको बारेमा

पहिलो खोपमा पनिओमिक्रोन स्ट्रेन (XBB. 1.5) सँग उपयुक्त खोप प्रयोग गरिनेछ।

१) कार्यान्वयन अवधि

मार्च ३१, २०२४ सम्म

२) खोप लगाउने स्थान

- ६ महिनादेखि ११ वर्षसम्म: मिताकी जनरल अस्पताल
- १२ वर्ष भन्दा माथि: यामानाका ग्यास्ट्रोएन्टेरोलजी अस्पताल
- १६ वर्ष भन्दा माथि: ओयामादा  मेमोरियल हट स्प्रिङ अस्पताल




ネパール語

新型コロナワクチン令和５年秋開始接種について・接種券の発行申請方法

# खोप टिकट जारी गर्न आवेदन दिने विधि

### १. अनलाइन आवेदन

तपाईले शहरको वेबसाइटबाट आवेदन दिन सक्नुहुन्छ। तर, अनलाइन आवेदन दिन सक्नेहरूका लागि सर्तहरू छन्। यदि यो तपाईंमा लागू हुँदैन भने, कृपया कागजमा आवेदन दिनुहोस् ।

### २. कागजमा आवेदन

कृपया आवश्यक कागजातहरू तयार गर्नुहोस् र तिनीहरूलाई मेल वा काउन्टरमा पेश गर्नुहोस्।

**○ आवश्यक कागजातहरू**

- कोरोनाभाइरसको खोप टिकट जारी गर्नको लागि आवेदन फारम (शहरको वेबसाइटबाट डाउनलोड गरिएको)
- परिचय प्रमाणीकरण कागजातको प्रतिलिपि
- खोप लगाएको प्रमाणपत्रको प्रतिलिपि (पहिले खोप लगाएको पुष्टि गर्न सक्ने कागजात)
- (प्रोक्सी आवेदनको अवस्थामा) एजेन्टको परिचय प्रमाणीकरण कागजातको प्रतिलिपि
- (प्रोक्सी आवेदनको अवस्थामा) पावर अफ अटर्नी

**○ पठाउने ठेगाना**

- 〒५१०-८६०१

  योक्काइची शहर सुवाचो, १-५ नयाँ कोरोनाभाइरस खोप प्रतिक्रिया कक्ष
- काउन्टर: योक्काइची सिटी जनरल हल पहिलो तला (साताको दिन ८:३०-१७:१५)

थप जानकारीको लागि, कल सेन्टर (०५९-३२७-५९९०) अथवा सहरको वेबसाइट वा काउन्टर (योक्काइची सिटी जनरल हल पहिलो तल्ला) मा सम्पर्क गर्नुहोस